
लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
तानसेन, पाल्पा

# स्वतः प्रकाशन

## (Proactive Disclosure)

(सूचनाको हक सम्वन्धि ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्वन्धी नियमावलीको नियम ३ बजोमिजम २०७९ साल कार्तिक देखि पौष मसान्त सम्मको कार्य प्रगति सार्वजानिक गरिएको विवरण)




प्रकाशक
लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र**

**पाल्पा**

राम सुरत पाल
कृषि प्रसार अधिकृत (आठौं तह)

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
तानसेन, पाल्पा

# अनुसूची – १

1) सूचना सार्वजानीक गर्ने निकायको नामः कृषि ज्ञान केन्द्र, पाल्पा

2) सूचना सार्वजानिक गरेको अवधिः २०७९ साल कार्तिक देखि २०७९ साल पौष मसान्त सम्मको विवरण।

3) कृषि ज्ञान केन्द्र, पाल्पाको स्वरुप तथा कार्य प्रकृतिः

कृषि विकास बहुआयामिक क्षेत्र भएको हुनाले कृषि विकास सम्बन्धि कार्यक्रमहरु संचालन तथा प्राविधिक सेवाटेवाका लागि कुनै एक अधिकृत वा प्राविधिक कर्मचारी मात्रले उपलब्ध गराउने सेवा प्रर्याप्त हुनै सक्दैन। यो परिस्थितिमा कृषि विकासका लागि समन्वय गर्न र बिशेषज्ञ सेवा प्रदान गर्न जिल्ला तहमा विभिन्न विषय विशेषज्ञहरु रहेको कम्तीमा एउटा सरकारी कार्यालय रहनु पर्ने अवस्था, देशको पुनः संरचना सहितको संघिय गणतान्त्रीक व्यवस्था पश्चात महशुस भएका आवश्यकताहरुलाई सम्बोधन गर्न प्रदेश सरकार अन्तर्गत रहने गरी विषय विशेषज्ञहरुको टिमको कार्यालयको रुपमा नेपाल सरकारको निर्णय अनुसार देशमा जम्मा ५१ वटा कृषि ज्ञानकेन्द्रहरु रहने गरी व्यवस्था भएको हो। यी मध्ये कुनै कृषि ज्ञान केन्द्रले एक वटा जिल्ला तथा कुनैले दुई जिल्लामा सेवा दिईरहेको छन्। पाल्पा जिल्लाको सन्दर्भमा २०७५ साल भाद्र २४ गतेको परिपत्र अनुसार २०७५ भाद्र २६ गतका दिन प्रदेश नं ५ का पाल्पा जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने प्रदेश सभा–सदस्य माननिय श्री नारायण प्रसाद आचार्यज्यूबाट उद्घाटन भएपश्चात कृषि ज्ञान केन्द्र, पाल्पाको स्थापना भएको हो ।

कृषि ज्ञान केन्दमा विषय विशेषज्ञहरुको टिम रहने हुँदा जिल्लास्तरमा आइपर्ने कृषकहरुका प्रविधिजन्य र कृषि उत्पादन तथा ब्यवस्थापनसंग सम्बन्धित समस्याहरुको प्राविधिक समाधान उपलब्ध गराउने लगायत स्थानीय तहमा रहेका कृषि प्राविधिकहरुलाई समय समयमा उन्नत तथा आधुनिक प्रविधिहरु सम्बन्धी तालिम तथा क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गर्ने गराउने जिम्मेवारी पनि ज्ञान केन्द्रले बहन गर्नु पर्ने हुन्छ। साविक जिल्ला कृषि विकास कार्यालयहरुमा प्राविधिक उप सचिवको नेतृत्वमा विभिन्न विषय विज्ञहरु जस्तैः कृषि प्रसार, बागवानी, बालीविकास, बाली संरक्षण, कृषि बजार÷कषि अर्थ विज्ञ जस्ता बहुविज्ञहरुको टोली मार्फत सेवा प्रवाह हुने गरेकोमा राज्य पुनः संरचना हुँदा संघीय शासन प्रणाली अन्तर्गत कृषि विकास कार्यक्रमहरु, कृषि प्रसार सेवाका क्रियाकलापहरु मूलतः स्थानीय सरकारको कार्यक्षेत्र अन्तर्गत रहेको तर स्थानीय तहमा कृषि सेवातर्फ निकै कम कर्मचारीहरु दरबन्दी र कार्यरत रहेकाले पनि प्रदेश मातहत रहने ज्ञानकेन्द्रको जिल्लाको कृषि विकासमा अहम र महत्वपूर्ण भूमिका रहेको छ।

संवैधानिक व्यवस्था अनुसार प्रदेश सरकारलाई कृषि विकास सम्बन्धि धेरै महत्वपूर्ण जिम्मेवारीहरु रहेको देखिन्छ। एकातर्फ, कृषकहरूको लागि प्रविधि, स्रोतकेन्द्र विकास र विस्तार एवं कषि प्रसार सेवा सम्मको पहुँच वृद्धि, स्थानीयस्तरमा बीउ विजन, जैविक विविधता एवं स्थानीय बालीनालीहरुको उचित संरक्षण, संबर्धन, विकास र उपयोगमा बृद्धि पर्ने देखिन्छ भने त्यसैगरी कृषि क्षेत्रमा हुने लगानी लक्षित वर्गसम्म पु¥याई स्थानीय संभाव्यता र तुलनात्मक लाभका कृषिजन्य वस्तुहरूको पहिचान गरी उत्पादन, वितरण, आयात एवं निर्यातलाई लागत–प्रभावी बनाउनु, गुणस्तर एवं स्वच्छता नियमन कार्य प्रभावकारी तुल्याउँदै कृषिजन्य

२०८५/९/२५
राम सुरत पाल
कृषि प्रसार अधिकृत (अठौं तह)

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
तानसेन, पाल्पा

वस्तुहरूको प्रतिस्प्रर्धात्मक क्षमता बृद्धि गर्ने, गुणस्तरीय प्रमाणित बीउ, मलखाद, कीटनाशक तथा साना र मझौला स्तरका कृषियन्त्रको सुलभता, कृषि सामग्रीको समयानुकूल आपूर्ति बढाउनुपर्ने देखिन्छ । तथापि, कृषि विकासका कार्यक्रमहरु कृषकका सामिप्यमा रहेर कार्यान्वयन गर्नाका लागि प्रत्येक नगर वा गाँउपालिकामा कृषि प्राविधिकहरु रहने व्यवस्था भए तापनि संख्यात्मक हिसाबले मात्र नभई सम्बन्धित विषय विज्ञताको हिसावले पनि सिमित मात्रामा हाल रहेका कृषि प्राविधिकहरुको उपस्थिती ज्यादै न्यूनहो । यस परिदृष्यमा कृषि विकास सम्बन्धि योजना तर्जुमा, विभिन्न रोग किराहरुको व्यवस्थापन, स्थान विशेष हावापानी, सुहाउँदो प्रविधि र जातहरु सम्वन्धमा कृषकहरुलाई जानकारी लगायत माटोको अवस्था, रोग किरा पहिचान, रासायनिक र प्राङ्गारिक मल र बीउको गुणस्तर परीक्षण लगायतका प्राविधिक र प्रयोगशाला सेवा समेत उपलब्ध गराउनका लागि स्थानीय तहमा रहेका कृषि विकास शाखाहरु पर्याप्त हुदैनन। स्थानीय तहका यस्ता कृषि विकास शाखाहरुलाई आवश्यक प्राविधिक पृष्ठपोषण उपलब्ध गराउनुका साथै अन्तर स्थानीय निकायहरु समेतलाई समेट्ने गरि बजार संरचनाहरु निर्माण, परियोजनाहरु सन्चालनका लागि कृषि ज्ञान केन्द्रहरु आवश्यक रहेका हुन। त्यसैगरी, कृषकहरुका अनुसरण योग्य प्रविधिहरुको परीक्षण र प्रदर्शनका साथै स्थानीय आवश्यकता अनुसार बीउ र बेर्ना ,मौरी र च्याउको श्रोतहरु व्यवस्थापनको जिम्मेवारी समेत ज्ञानकेन्द्रले बहन गर्नुपर्ने हुन्छ। यसरी यस कृषि ज्ञान केन्द्र, पाल्पालाई तिनै तहका सरकारहरु बिचको सेतुका साथै कृषि सम्बन्धी अन्य निकायहरुसँग समेत सहकार्य र समन्वयात्मक रुपमा कृषि विकासका कार्यक्रमहरु संचालनको महत्वपूर्ण जिम्मेवारी रहेको छ।

4) कृषि ज्ञान केन्द्र, पाल्पाको कार्य विवरण

- कृषि ज्ञान केन्द्र पाल्पाको स्वीकृत कार्य विवरण निम्न अनुसार रहेको छ।
- स्थानिय समस्यामा आधारित स–साना अध्ययन परिक्षण गर्ने,
- माटो तथा मल, बाली संरक्षण र बीउ विजन परिक्षण सम्वन्धी सामान्य प्रयोगशाला सेवा,
- नविनतम कृषि प्रविधि प्रसारको लागि आवश्यक कृषि प्रसार शैक्षिक क्रियाकलाप सन्चालन गर्ने,
- प्रदेश र स्थानीयतहमा कार्यरत प्राविधिक तथा व्यवसायिक कृषक र व्यवसायीहरुको लागि कृषिसँग सम्वन्धित विशिष्टीकृत ज्ञान सीप प्रदान गर्ने तथा एडभान्स तालिम संचालन गर्ने,
- स्थानिय तहको क्षमताले नभ्याउने प्रकृतिका विशेषज्ञ प्राविधिक सेवा टेवा
- प्रदेश अन्तर्गत सन्चालन हुने संघिय कृषि विकास कार्यक्रम, आयोजनाको समन्वय तथा सम्पर्क विन्दुको रुपमा कार्य गर्ने
- प्रदेश सरकार मार्फत सन्चालन हुने कृषि विकास कार्यक्रम, आयोजना संचालनमा प्रदेश सरकारलाई सहयोग गर्ने
- कृषि आर्थिक महत्वका स्थानीय कृषि जैविक विविधताको पहिचान, संरक्षण र उपयोग गर्न
- नेपाल कृषि अनुसन्धान परिषदको बाह्य अनुसन्धान स्थलको रुपमा कार्य गर्ने,
- वीउ विजनको लागि स्रोतकेन्द्रको रुपमाकार्य गर्ने,
- स्थानीय तहमा कार्यरत जनशक्तिको क्षमता विकास सम्वन्धि कार्य,
- बहु स्थानीय तह समेटी कार्यान्वयन हुने संघीय आयोजनाहरुको संचालन र नियन्त्रण,

6/25
राम सुरत पाल
कृषि प्रसार अधिकृत (आठौं तह)

CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
तानसेन, पाल्पा

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कमाण्डक्षेत्र भित्रका पकेट, ब्लक, जोन तथा सुपर जोनहरुको लागि प्राविधिक सेवा टेवा,
- एग्रो इकोलोजिकल जोन अनुसारको प्राथमिकता प्राप्त बाली तथा बस्तु विकासको योजना, मूल्य अभिवृद्धि श्रृंखला विकास तथा कार्यान्वयनको समन्वय
- कृषि स्नातक तथा जे.टी.ए कोर्ष अध्ययनरत विद्यार्थीहरुका लागि इन्टर्नसिप कार्यक्रम समन्वय गर्ने,
- स्थानीय तहका कृषि विकासका इकाईहरुवाट कृषि सम्वन्धि तथ्याँक सँकलन तथा अध्यावधिक गरि संकलित तथ्याङ्क प्रदेश र संघीय तालुक निकायहरुमा पठाउने,
- आफ्नो कमाण्ड क्षेत्र भित्र कृषि उद्यम तथा व्यवसाय सन्चालन गर्न चाहनेहरुको लागि व्यवसाय विकास सेवा उपलब्ध गराउने,
- किसानकल सेन्टर स्थापना तथा संचालन गर्ने,
- समग्र कृषि विकासको विषयमा प्रदेश र स्थानीय तह बीच पुलको काम गर्ने ।

5) कृषि ज्ञान केन्द्र, पाल्पाको स्वीकृत कर्मचारी दरबन्दी: कर्मचारी दरबन्दी विवरण

| सि.नं | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख | नवौं/दशौं | नेपाल कृषि | समुहकृत नहुने | १ | १ | ० | |
| २ | कृषि प्रसार अधिकृत | सातौं/आठौं | नेपाल कृषि | कृषि प्रसार | २ | १ | १ | |
| ३ | वागवानी विकास अधिकृत | सातौं/आठौं | नेपाल कृषि | वागवानी | १ | ० | १ | |
| ४ | वाली संरक्षण अधिकृत | सातौं/आठौं | नेपाल कृषि | वागवानी | १ | १ | ० | |
| ५ | योजना अधिकृत | सातौं/आठौं | नेपाल कृषि | वागवानी | १ | ० | १ | |
| ६ | प्रा.स. | पाचौं/छैटौं | नेपाल कृषि | वाली संरक्षण | १ | १ | ० | |
| ७ | प्रा.स. | पाचौं/छैटौं | नेपाल कृषि | कृषि प्रसार | १ | ० | १ | |
| ८ | प्रा.स. | पाचौं/छैटौं | नेपाल कृषि | वागवानी | १ | ० | १ | |
| ९ | ले.पा. | पाचौं/छैठौं | प्रशासन | लेखा | १ | १ | ० | |
| १० | खरिदार | चौथो/पाचौं | प्रशासन | सा.प्र. | १ | १ | ० | |
| ११ | ह.स.चा. | श्रेणिविहिन | प्रशासन | सा.प्र. | १ | ० | १ | करारमा नियुक्त गरिएको |
| १२ | का.स. | श्रेणिविहिन | प्रशासन | सा.प्र. | ३ | १ | २ | २ जना कार्यालय सहयोगी करारमा नियुक्त गरिएको |

राम सुरत पाल
कृषि प्रसार अधिकृत (आठौं तह)

CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
तानसेन, पाल्पा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | | | | १५ | ७ | ८ | |

6) कृषि ज्ञान केन्द्र, पाल्पाको शाखा र जिम्मेवार अधिकारीः

| सि.नं. | शाखा | जिम्मेवार अधिकारी तथा शाखामा कार्यरत कर्मचारी |
|---|---|---|
| १ | तालिम तथा प्रसार शाखा | श्री राम सुरत पाल, कृषि प्रसार अधिकृत (आठौं) |
| २ | विशेषज्ञ सेवा शाखा | श्री मिलन गैरे, बाली संरक्षण अधिकृत (सातौं) |
| ३ | अध्ययन परिक्षण तथा तथ्याङ्क शाखा | श्री लवकुश प्रसाद कुर्मी, अधिकृत छैठौं |
| ४ | आर्थिक प्रशासन शाखा | श्री बालकृष्ण बस्याल, लेखापाल, (स. पाँचौ) |
| ५ | प्रशासन शाखा | श्री भुवन केसी खरिदार, (स. चौथो) |

७. कृषि ज्ञान केन्द्र, पाल्पाबाट आ. व. २०७९।८० को कार्तिक देखि पौष मसान्त सम्म संचालित कार्यक्रमहरुको विवरण तथा वित्तीय प्रगति अवस्था

| क्र सं | कार्यक्रमको नाम | बजेट शिर्षक नं | विनियोजित बजेट रु हजार | खर्च रु हजार | वित्तिय प्रगति |
|---|---|---|---|---|---|
| १ | कृषि उत्पादन, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम | ३१२०००१२ | ११७०० | ० | ० |
| २ | स्मार्ट कृषि गाँउ कार्यक्रम | ३२१०००१३ | ६२६६ | ७५.० | ० |
| ३ | कृषि तथा पशुपंक्षी श्रोत तथा प्रविधि सेवाटेवा विस्तार कार्यक्रम | ३१२०००१८ | ९६६३ | ३६७.० | १४.३३ |
| ४ | कृषि ज्ञान केन्द्र चालु | ३१२०१०१६ | २३४७३ | २०५३ | ८.७५ |
| ५ | कृषि ज्ञान केन्द्र पूँजीगत | ३१२०१०१६ | ५०० | १४९.९ | २९.९८ |
| ६ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना(संघ सशर्त अनुदान) | ३१२९११२१ | ४१०० | ० | ० |
| | जम्मा | | ५५७०२.० | २६४५ | ४.७५ |

राम सुरत पाल
कृषि प्रसार अधिकृत (आठौं तह)

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
तानसेन, पाल्पा

८ कृषि ज्ञान केन्द्र, पाल्पाबाट आ. व. २०७९।८० को हालसम्म संचालित कार्यक्रमहरुको कार्यान्वयन अवस्था

| क्र सं | कार्यक्रमको नाम | कार्यान्वयन अवस्था | कैफियत |
|---|---|---|---|
| १ | मागमा आधारित कृषि विकास कार्यक्रम | कार्यक्रम संचालनका लागि सम्झौता हुने क्रममा रहेको । | |
| २ | वाली वस्तु विशेष प्रवर्द्धन कार्यक्रम | कार्यक्रम संचालनका लागि सम्झौता हुने क्रममा रहेको । | |
| ३ | तरकारी प्रवर्द्धन कार्यक्रम (रैनादेवीछहरा -७) | कार्यक्रम संचालनका लागि सम्झौता हुने क्रममा रहेको । | |
| ४ | सिंचाई सहित कृषि विकास कार्यक्रम | कार्यक्रम संचालनका लागि ९ जना प्रस्तावकसंग सम्झौता भइसकेको । | |
| ५ | जिल्ला स्तरीय ३ दिने कृषक तालिम | तरकारी तथा सुन्तलाजात फलफूल बिषयक २ वटा कृषक तालिम सम्पन्न | |
| ६ | माटो ब्यवस्थापन कार्यक्रम | रामपुर न.पा. ५ मा माटो परीक्षण शिविर सम्पन्न तथा गहुँमा गाईको गहुत परीक्षण कार्य शुरुवात भईसकेको । | |
| ७ | आलु ब्लक बिकास कार्यक्रम निरन्तरता | कार्यक्रम संचालनका लागि सम्झौता भइसकेको । | |
| ८ | तरकारी ब्लक बिकास कार्यक्रम निरन्तरता | कार्यक्रम संचालनका लागि सम्झौता भइसकेको । | |
| ९ | ५ दिने अन्तर जिल्ला कृषक भ्रमण | नेपालको पूर्वी तथा पशिचमी जिल्लाहरुमा ४३ जना कृषकहरु सहभागी भई भ्रमण सम्पन्न | |
| १० | कृषि प्रविधि प्रदर्शन | रम्भा ३ खोकखोलामा आलु पीबीएस MS42.3 जातका ५०० दाना लगाईसकेको | |
| ११ | दिवस कार्यक्रम | ४२औं विश्व खाद्य दिवस मनाइयो । | |
| १२ | स्थानीय तहका प्राविधिकहरुसंग अन्तरक्रिया | प्राविधिकहरुसंग अन्तरक्रिया | |

२०७९।७।२९

राम सुरत पाल
कृषि प्रसार अधिकृत (अठौं तह)

CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
तानसेन, पाल्पा

| | | | |
|---|---|---|---|
| | गोष्ठी | गोष्ठी कार्य १७ जनाको सहभागितामा सम्पन्न भएको । | |
| १३ | प्रदेशबाट स्थानीय तहमा खटिएका करारमा कार्यरत प्राविधिक कर्मचारीहरुको ३ दिने क्षमता अभिबृद्धि तालिम | प्राविधिक कर्मचारीहरुको ३ दिने क्षमता अभिबृद्धि तालिम १७ जनाको सहभागितामा सम्पन्न | |
| १४ | कार्यक्रम सार्वजनिकीकरण | जिल्लाका बिभिन्न सरोकारवालाहरु बीच आ.ब.०७९।८० को स्वीकृत वार्षिक कार्यक्रम सार्वजनिकीकरण गरियो । | |
| १५ | स्मार्ट कृषि गाउँ कार्यक्रम रिब्दीको ६ पौरखनी | स्मार्ट कृषि गाउँको कार्यक्रम सम्बन्धित विभिन्न सरोकारवालाहरु बीच सार्वजनिकीकरण गरियो । | |

९।२३

राम सुरत पाल
कृषि प्रसार अधिकृत (आठौं तह)

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
तानसेन, पाल्पा

९ .कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

क) कार्यालय प्रमुखः

नामः श्री कामना अधिकारी

पदः प्रमुख

सम्पर्क नः ९८५७०६५२९४

ख) सूचना अधिकारीः

नामः श्री राम सुरत पाल

पदः कृषि प्रसार अधिकृत

सम्पर्क नः ९८५७०६५००६

१० ऐन नियम विनियम वा निर्देशिका तथा कार्यविधिको सूची

- स्मार्ट कृषि गाउँ कार्यक्रम संचालन कार्यविधि,२०७६
- स्मार्ट कृषि गाउँ सहयोगी कार्यक्रम संचालन विधि,२०७६
- कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०७९
- प्रधानमन्त्री कृषि आधुनिकीरकण परियोजना, परियोजना कार्यान्वयन म्यानुयल, २०७७
- शुलभ कर्जा सहजीकरण तथा ब्याजमा अनुदान कार्यक्रम संचालन कार्यविधि २०७६
- स्थानीम तहको सहकार्यमा करार खेती कार्यक्रम संचालन कार्यविधि, २०७६

११ तोकिए बमोजिमका अन्य विवरणः

- कृषकहरुको आवश्यकता तथा चाहना अनुसारको माग भए अनुसारको प्राविधिक सेवा प्रदान गरिएको।

१२ सार्वजानिक निकायको वेभसाईट भए सोको विवरणः

- वेभसाईटः http://palpa.akc.gov.np/
- ईमेलः akcpalpa@gmail.com
- फोन नः ०७५-५२०१४४, ०७५-५२०२९४, ९८५७०६५२९४

१३ सार्वजानिक निकायले प्राप्त गरेको वैदेशिक साहायता, ऋण, **अनुदान एंव प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण**

- नभएको

१४ सार्वजानिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

- मन्त्रालय तथा मातहतका निकायमा पठाईएको साथै वेयवसाईटमा प्रकाशन गरिएको

१५ सार्वजानिक नियकाले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः

राम सुरत पाल
कृषि प्रसार अधिकृत (आठौं तह)

CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
तानसेन, पाल्पा

- नभएको


१६ सार्वजानिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण

- हाल सम्म लिखितरुपमा सूचना माग भई नआएको

१७ सार्वजानिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण

- वेभसाईटः http://palpa.akc.gov.np/

## कार्यालयका सूचना अधिकारी र गुनासो पेटिका







राम सुरत पाल
कृषि प्रसार अधिकृत (आठौं तह)